केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं
“दण्डहिनता विरुद्ध CIB को अभियान”

बिषय:- प्रेस विज्ञप्ती

## १) “बैकिङ कसूर अनुसन्धान सम्बन्धमा”

नेपाल बैक लिमिटेडको बैकिङ प्रधान कार्यालय, मानवश्रोत ब्यवस्थापन बिभागका मुख्य प्रबन्धक दिपेन्द्र राज काफ्लेको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी भुपराज कोईरालाले आफु नेपाल बैंक लिमीटेड डिल्लीबजार शाखामा शाखा प्रबन्धक रहदा बैंकलाई नभएको दायित्व सृजना गराई अनुचित लाभ लिएको बैकिङ कसुर मुद्दाको अनुसन्धानको क्रममा उक्त कार्यमा संलग्न मुख्य प्रतिवादी मोतिखर कोईरालाको छोरा जिल्ला सोलुखुम्वु साविक सल्यान गा.वि.स. वडा नं. ८ हाल नेचा सल्यान गाउँपालिका वडा नं. १ स्थाई वतन भई भक्तपुर जिल्ला साविक दधिकोट गा.वि.स. वडा नं. ६ हाल सूर्यबिनायक नगरपालिका वडा नं. ४ बस्ने **बर्ष** ४७ को भुपराज कोईरालालाई मिति २०७६/०९/११ गते पक्राउ गरि गरि सम्मानित उच्च अदालत पाटनबाट दिन ७ ( सात ) को म्याद थप गरि **बैंकिङ कसुर तथा सजाय ऐन, २०६४** बमोजिम आवश्यक अनुसन्धान भैरहेको।

**विवरण:-**

**कसुर:- बैंकिङ कसुर**

**नाम:-** भुपराज कोईराला

**उमेर:-** ४७ **बर्ष**

**ठेगाना:-** जि. सोलुखुम्वु साविक सल्यान गा.वि.स. वडा नं. ८ हाल नेचा सल्यान गाउँपालिका वडा नं. १ स्थाई वतन भई भक्तपुर जिल्ला साविक दधिकोट गा.वि.स. वडा नं. ६ हाल सूर्यबिनायक नगरपालिका वडा नं. ४ ।



**पक्राउ मिति:** २०७६/०९/११ गते।

## २) " संरक्षित वन्यजन्तुका बिभिन्न आखटोपहारहरु सहित मानिसहरु पक्राउ सम्बन्धमा "

**घटना विवरण**:

वन्यजन्तुसँग सम्बन्धित अपराध अनुसन्धान तथा रोकथामको लागि केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले संरक्षित वन्यजन्तुहरुको आखेटोपहारहरु अवैध रुपमा ओसार-पसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा निम्न बिभिन्न मिति तथा स्थानहरुबाट निम्न घर ठेगाना भएका मानिसहरुलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय हात्तीसार, काठमाण्डौंमा बुझाईएको।

१. मिति २०७६।०९।०६ गते जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. ५ भाटभटेनी मन्दिर अगाडीबाट अवैध रुपमा ओसारपसार गरी ल्याई खरिद बिक्री गर्न लागेको अवस्थामा संरक्षित वन्यजन्तु सालकको छाला सहितको खपटा थान-२ (दुई) सहित निम्म मानिसहरुलाई पक्राउ गरिएको।

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो

निम्न:-

(क) जिल्ला महोत्तरी बर्दिबास नगरपालिका वडा नं. ५ बस्ने बर्ष ६० को सिंह बहादुर मोक्तान ।

(ख) जिल्ला मकवानपुर बकैया गाँउपालिका वडा नं. २ बस्ने बर्ष ४६ को काल बहादुर जिम्बा ।

(ग) जिल्ला धादिङ खनियाबास गाँउपालिका वडा नं. ३ बस्ने बर्ष २८ को सुके तामाङ ।

(घ) जिल्ला धादिङ त्रिपुरासुन्दरी नगरपालिका वडा नं. ३ बस्ने बर्ष २४ को उमेश अधिकारी ।

२. मिति २०७६।०९।०८ गते जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. ४ सुकेधाराबाट संरक्षित वन्यजन्तु भालुको पित्त थान-१ (एक) सहित निम्न मानिसहरुलाई पक्राउ गरिएको ।

निम्न:-

(क) जिल्ला धादिङ सिद्धलेख गाँउपालिका वडा नं. ४ बस्ने वर्ष २५ को ईश्वर थपलिया ।

(ख) जिल्ला दोलखा बैतेश्वर गाँउपालिका वडा नं . ४ बस्ने वर्ष ५१ को ललित बहादुर बि.क. ।

(ग) जिल्ला दोलखा बैतेश्वर गाँउपालिका वडा नं . ४ बस्ने वर्ष ३३ को राज कुमार दाहाल ।

(घ) जिल्ला दोलखा बैतेश्वर गाँउपालिका वडा नं. ४ बस्ने वर्ष २५ को यम खाती ।

(ङ)जिल्ला बैतडी दोगडाकेदार गाँउपालिका वडा नं. ४ बस्ने वर्ष २३ को हरिश भट्ट

३. मिति २०७६।०९।१० गते जिल्ला काठमाण्डौ, टोखा नगरपालिका वडा नं.-३ ग्राण्डी एरियाबाट संरक्षित वन्यजन्तु चितुवाको छाला थान-२ (दुई) सहित निम्न मानिसहरुलाई पक्राउ गरिएको ।

निम्न:-

(क) जिल्ला नुवाकोट बिदुर नगरपालिका वडा नं. ८ बस्ने बर्ष २० को सरोज ओझा ।

(ख) जिल्ला काठमाण्डौ तारकेश्वर नगरपालिका वडा नं. १ बस्ने बर्ष २३ को अखिल लामा भन्ने सुरेन्द्र तामाङ ।


(ग) जिल्ला कैलाली लम्की चुहा नगरपालिका वडा नं. ३ बस्ने बर्ष १८ को कृष्ण क्षेत्री भन्ने कृष्ण साउद क्षेत्री ।

४. मिति २०७६।०९।११ गते जिल्ला काठमाण्डौ का.म.न.पा.-४ बालुवाटारबाट संरक्षित वन्यजन्तु सालकको खपटा तौल ४ के.जी. सहित निम्न मानिसलाई पक्राउ गरिएको ।

निम्न:-

(क)जिल्ला सिन्धुली तीनपाटन गाँउपालिका वडा नं. ७ बस्ने बर्ष २२ को कर्ण रम्तेल भन्ने कर्ण बहादुर सार्की ।


## वरामदी सामानहरु तथा पक्राउ मानिसहरु क्रमश :



संरक्षित वन्यजन्तु सालकको छाला सहितको खपटा थान-२ (दुई)।




सिंह बहादुर मोक्तान | काल बहादुर जिम्बा | सुके तामाङ | उमेश अधिकारी



संरक्षित वन्यजन्तु भालुको पित्त थान-१ (एक)।



ईश्वर थपलिया | ललित बहादुर बि.क. | राज कुमार दाहाल | यम खाती | हरिश भट्ट




संरक्षित वन्यजन्तु चितुवाको छाला थान-२ (दुई)।










संरक्षित वन्यजन्तु सालकको खपटा ४ (चार) के.जी.।




**अपराध** :-राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बिरुद्धको अपराध।

**थप जानकारीको लागि प्रवक्ता प्र.उ. वेल बहादुर पाण्डे,**
**सम्पर्कको लागि: ९८५१२९१३११**

प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११